
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ४ गते शनिबार ❑ 18 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## उपराष्ट्रपतिमा यादव विजयी

**रासस**
काठमाडौं, ३ चैत

जनता समाज पार्टी (जसपा) नेपालका संसदीय दलका नेता एवं पूर्वमन्त्री रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित हुनुभएको छ ।



मुलुकको तेस्रो उपराष्ट्रपतिका लागि शुक्रबार भएको मतदानमा उहाँ आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले) का अष्टलक्ष्मी शाक्य (बोहरा) र जनमत पार्टीका ममता झालाई पराजित गरी निर्वाचित हुनुभएको हो । उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ । उपराष्ट्रपति निर्वाचनमा सङ्घीय संसद्तर्फ तीन सय ३२ र प्रदेशसभा सदस्य पाँच सय ५० गरी कूल आठ सय ८२ मतदाता कायम छन् । सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ । शुक्रबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो । मतदानमा ३११ सङ्घीय सांसद र ५१८ प्रदेशसभा सदस्यले मतदान गर्नुभएको थियो । मतदानका लागि नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से कक्षमा सङ्घीय सांसद र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्रमा कायम गरिएको थियो । पूर्वमन्त्रीसमेतरहनुभएकायादवलाईजसपा नेपालसहित नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)लगायत सत्तागठबन्धन दलहरूको साथ थियो । नेपालको संविधानमा उपराष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने उल्लेख छ । यसैगरी दुई पटक उपराष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन नसक्ने संवैधानिक प्रावधान छ ।

यादवको जन्म विसं २०१७ साउन ९ गते बुवा स्व प्रसाद राय यादव र आमा स्व सिहवा देवी यादवका कान्छो छोराका रूपमा बाराको कचोर्वा-८ बसवरियामा भएको हो । उहाँका दुई दाजुभाइ तथा तीन दिदीबहिनी हुनुहुन्छ । साथै श्रीमती दुई छोरा र एक छोरी हुनुहुन्छ । उहाँ विसं २०७२ मा मधेसी जनाधिकार फोरम नेपाल र सङ्घीय समाजवादी पार्टी नेपाल एकीकरण भई गठन भएको सङ्घीय समाजवादी फोरम नेपालको महासचिवहुनुभएको थियो । यादव गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बारा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो । उहाँ यसअघि २०७४ सालमा पनि बारा-२ बाटै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो ।

मधेस आन्दोलनका क्रममा दरिलो पहिचान बनाउनुभएका उहाँ राजनीतिक जीवन अघि बाराको कलैयामा २३ वर्षसम्म शिक्षण पेशामा समर्पित हुनुहुन्थ्यो । बारा कलैयामा अवस्थित श्री पन्ना देवी कन्या माविमा उहाँ विज्ञान र गणित विषयको शिक्षक हुनुहुन्थ्यो ।

भारतको सीतामढी कलेजबाट विज्ञान विषयमा स्नातक र ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जबाट शिक्षा सङ्कायमा स्नातक अध्ययन गर्नुभएका यादवको प्राथमिक शिक्षा आफ्नै गाउँको श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय बसवरियाबाट सुरु भएको थियो ।

नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु गर्नुभएका उहाँ उच्च शिक्षा लिई भारतको सीतामढीबाट बिएससी अध्ययन गरी फर्किंदा नेपालमा २०४६ सालको आन्दोलन सुरु भइसकेको थियो । उक्त समयमा तराई मधेशका मुद्दामा नेपाल सद्भावना पार्टीले काम गरिरहेको विषय जानकारी पाएपछि उहाँ २०४७ सालमा सद्भावना पार्टीमा प्रवेश गर्नुभएको हो । सो पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहको निधनपछि राजविराज महाधिवेशनमा नेपाल सदभावना पार्टी विभाजनको विरोधमा आनन्दी देवीको नेतृत्वमा पार्टी एकताका लागि आमरण अनसनमा बस्ने यादव पहिलो नेता हुनुहुन्छ ।

## प्रधानमन्त्रीद्वारा विजेता क्रिकेट खेलाडीलाई तीन लाख पुरस्कारको घोषणा

**रासस**
काठमाडौं, ३ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएका नेपाली खेलाडीलाई जनही रु तीन लाख राशिको पुरस्कार घोषणा गर्नुभएको छ ।

विजेता खेलाडीलाई आज बिहान सरकारी निवास बालुवाटारमा सम्मान गर्दै उहाँले उक्त पुरस्कारको घोषणा गर्नुभएको हो । "मलाई अत्यन्त खुसी लागेको छ । हिजो तपाईंहरूले जसरी खेल प्रदर्शन गर्नुभयो, तपाईंहरूले मात्र जित्नुभएको छैन, देशले जितेको छ । देशको स्वाभिमान उच्च भएको छ, राष्ट्रको गौरव बढेको छ । आगामी दिनमा समेत तपाईंहरूको प्रदर्शन थप राम्रो होस्, म अग्रिम शुभकामना व्यक्त गर्दछु", खेलाडीलाई सम्मान गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो- "विश्वकप छनोटका लागि तपाईंहरूलाई थप सफलता मिलोस् । म तपाईंहरूको सुख, दुःखमा साथमै हुनेछ ।"

प्रधानमन्त्री दाहालले यसअघि पनि सरकारले जनही रु दुई लाख राशिले पुरस्कृत गरिसकिएको उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले कीर्तिपुरस्थित क्रिकेट मैदानमा तत्काल आधुनिक फ्लटलाइट र स्कोर बोर्ड जडान गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई निर्देशन दिनुभएको छ । उहाँले भन्नुभयो, "यस सन्दर्भमा मूलपानी, चितवनलगायत देशका विभिन्न स्थानमा निर्माणाधीन क्रिकेट रङ्गशाला निर्माण तीव्रताका साथ अगाडि बढाउन नेपाल सरकारको तर्फबाट आवश्यक प्रबन्ध गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछु ।"

बिहीबार नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई नौ रनले पराजित गरेको थियो । प्रधानमन्त्री दाहालले क्रिकेट खेलाडीको मेहनतलाई सरकारको तर्फबाट सम्मान गर्ने र आगामी दिनमा थप भौतिक पूर्वाधारको विकास तथा खेलाडीका लागि थप सुविधाको प्रबन्ध गर्ने विश्वाससमेत दिलाउनुभएको छ । प्रधानमन्त्री निवासमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ र अन्य पदाधिकारीको समेत सहभागिता थियो ।

बिहीबार प्रधानमन्त्री दाहाल आफैं कीर्तिपुर क्रिमेट मैदान पुगेर खेलाडीलाई प्रोत्साहित गर्नुभएको थियो ।

## कलाकार वात्स्यायनलाई नागरिक अभिनन्दन गरिँदै

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ चैत

प्रसिद्ध व्यङ्ग्य चित्रकार दुर्गा बराल 'वात्स्यायन' लाई शनिबार गृहनगर पोखरामा नागरिक अभिनन्दन गरिने भएको छ ।

पोखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा ३१ वाङ्मयिक र सामाजिक सङ्घसंस्था मिलेर उहाँलाई अभिनन्दन गर्न लागेका हुन् । कलाकार वात्स्यायनलाई ८० वर्ष पार गरेको अवसरमा रथारोहणसहित विशेष नागरिक अभिनन्दन गर्न लागिएको पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो । शनिबार बिहान १० बजे पोखरा-३ स्थित वात्स्यायन निवासबाट सुरु हुने रथयात्रा कन्या मन्दिर-नदीपुर-प्रदेशसभा भवन-पृथ्वीनारायण क्याम्पस-ट्याक्सीचोक-बागबजार हुँदै विन्ध्यवासिनी मन्दिरमा पुगी अभिनन्दन समारोहमा परिणत हुनेछ ।

कला साधनामा जीवन अर्पण गर्दै व्यङ्ग्य चिरकारितामार्फत नेपाली समाजको रूपान्तरणमा पुऱ्याएको सिर्जनात्मक योगदानका लागि उहाँलाई नागरिक अभिनन्दन गर्न लागिएको हो । व्यङ्ग्य चित्रकलाका शिखर व्यक्तित्व वात्स्यायनलाई अभिनन्दन गर्न पाउनु पोखरेलीहरूको सौभाग्य भएको परिवारका अध्यक्ष पौडेलले बताउनुभयो । राजनीतिक, सामाजिक यथार्थलाई व्यङ्ग्य चित्रमार्फत सजीव ढङ्गले उजागर गर्न सक्ने वात्स्यायनका हजारौं 'कार्टुन' अखबारमा प्रकाशित छन् । समाजका विकृति, विसङ्गतिमाथि तिखो प्रहार गर्न सक्ने उहाँको कलागत विशिष्टता मानिन्छ । नयाँ सन्देश, राष्ट्रपुकार, सुरुचि, देशान्तर, गोरखापत्र, कान्तिपुरलगायतका अखबारमा वात्स्यायनले 'कार्टुनिष्ट' का रूपमा काम गरिसक्नुभएको छ । विसं २०६२/६३ जनआन्दोलन ताका कान्तिपुर दैनिकमा प्रकाशित उहाँका 'कार्टुन' ले ठूलो चर्चा बटुलेका थिए ।

## गण्डकी प्रदेश खेलकुद परिषद्को सुझाव संकलन गर्न समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

गण्डकी प्रदेश खेलकुद परिषद्को चौथो पूर्ण बैठकले प्रदेश खेलकुद विकास विधेयक २०७७ र नियमावलीमा देखिएका समस्याका बारेमा सुझाव सङ्कलन गरी पेश गर्न समिति गठन गरेको छ ।

परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङको संयोजकत्वमा गठित पाँच सदस्यीय समितिमा कार्यकारी सदस्यद्वय दिलबहादुर गुरुङ र तारामायाँ थापा मगर, परिषद्का सदस्य केशव पाठक तथा गण्डकी विश्वविद्यालयका प्राध्यापक डा मधुसुदन सुवेदी रहनुभएको छ ।

बैठकले प्रदेश खेलकुद सङ्घ गठन, प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन, नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता तथा मुख्यमन्त्री कप भलिबल प्रतियोगिताको समीक्षा, वार्षिक कार्यक्रम सञ्चालन गर्नेलगायतका निर्णयसमेत गरेको छ ।

बैठकमा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चमान गुरुङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको उपलब्धिको उच्च मूल्याङ्कन हुने बताउनु भयो । उहाँले परिषद्का पदाधिकारीले प्रतियोगितमा स्वयंसेवीका रूपमा खेलकुद विकासका लागि गरेको भूमिका प्रशंसनीय छ भन्नुभयो ।

खेल सङ्घलाई व्यवस्थित गर्ने र प्रदेशमा खेलिने परम्परागत खेल सङ्घलाई समेट्न उहाँले आग्रह गर्नुभयो ।

बैठकमा मन्त्रालयका सचिव हेमराज सुवेदीले प्रदेश खेलकुदको वार्षिक कार्यक्रममा समावेश विभिन्न महत्वपूर्ण कार्यक्रमले खेलकुद विकासलाई गति दिन सहयोग पुग्ने बताउनुभयो । यस आर्थिक वर्ष करिब ६० प्रतिशत बजेट खर्च हुनु उपलब्धिमूलक रहेको जनाउँदै उहाँले बाँकी कार्यक्रम यथाशीघ्र सम्पन्न गरी शतप्रतिशत सफलता हासिल गर्न आग्रह गर्नुभयो ।

## क्षत्री समाजको भेला चैत ४ र ५ मा बुटवलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

क्षत्री समाज नेपालको दोस्रो केन्द्रीय परिषद् भेला बुटवलमा हुँदैछ । आफ्ना विभिन्न माग सरकारले सम्बोधन गर्नुपर्ने दबाबसहित चैत ४ र ५ मा सो भेला हुन लागेको समाजका उपाध्यक्ष एवं प्रचारप्रसार संयोजक कृष्णबहादुर थापाले जानकारी दिए ।

आमखस क्षत्री जातिलाई आदिवासीमा सूचिकृत गरिनुपर्ने, राज्यबाट निर्धारण गरिएका आरक्षण व्यवस्था जातीय आधारमा भएकोमा खारेज गरी वर्गीयरुपमा हुनुपर्ने, विपन्न र पिछडिएका वर्गलाई जातीयरुपमा नभइ सहयोग आरक्षण व्यवस्था गरिनुपर्ने, खस र आर्यको व्यवस्था अलग अलग हुनुपर्ने, नेपाल राष्ट्रलाई वैदिक सनातन हिन्दू धर्म राष्ट्र घोषणा गरिनुपर्ने क्षत्री समाजको माग छ । यस्तै, राष्ट्र र राष्ट्रियताविरुद्ध हुने सबैखाले हस्तक्षेप बन्द गरिनुपर्ने, खस राष्ट्रिय आयोग गठन, आर्थिक तरलताको व्यवस्थापनसँगै रोजगारी सिर्जना हुनुपर्ने माग सहित क्षत्री समाजले यसअघि गरेका विभिन्न आन्दोलनमा सरकारसँग गरेका सम्झौताको पूर्ण कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ । राष्ट्रिय अखण्डता र जातीय सद्भावका निम्ति २०५२ सालमा स्थापित क्षत्री समाज नेपालको केन्द्रीय कार्यालय पोखरामा छ । देशका ५८ भन्दा बढी जिल्लामा जिल्ला समिति, १० ओटा भातृ समाज, प्रदेश समिति मार्फत संस्था क्रियाशील रहेको महासचिव केशबहादुर केसीले बताए ।

२ दिनसम्म चल्ने परिषद् भेलाको पहिलो दिन बुटवल बजार परिक्रमा सहित हिलपार्कमा पुगी सभा हुनेछ । सभामा विभिन्न व्यक्तिले सम्बोधन गर्ने छन् भने दोस्रो दिन केन्द्रीय, प्रदेश, जिल्ला तथा भातृ समाजका प्रतिनिति सम्मिलित भेला हुनेछ ।

## बैंकका कर्मचारीमाथि आक्रमण गर्नेलाई कारबाहीको माग


**रासस**
काठमाडौं, ३ फागुन

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि एकपछि अर्को गरी आक्रमण हुन थालेपछि यस क्षेत्रका छाता संस्थाले दोषीलाई कारबाहीसहित सुरक्षा प्रत्याभूतिको माग गरेका छन् ।

नेपाल बैंकर्स सङ्घ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था सङ्घ र नेपाल लघुवित्त बैंकर्स सङ्घले


बाँकी अन्तिम पृष्ठमा ▶▶





# अनुज, नविन, राजन र लक्ष्मण रेवान कपको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

अनुज कुमार बाँस्तोला, नविन श्रेष्ठ, राजन पौडेल र लक्ष्मण तामाङ पोखरा रंगशालामा जारी तेस्रो रेवान कप टेनिस प्रतियोगिताको एकलतर्फ सेमिफाइनलमा प्रवेश गरेका छन् ।



कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत शुक्रबार भएको क्वाटर फाइनल खेलमा कुमार बास्तोलाले पोखराको दोश्रो वरियतामा रहेका भट्टराईलाई ६-३ र ७-६ को सेटमा पराजित गरे । त्यसैगरी नविन श्रेष्ठले चौंथो वरियतामा रहेका विकास गुरुङलाई ६-१ र ६-२ को सेटमा पराजित गरे । पोखराको शिर्ष वरियता प्राप्त राजन पौडेलले शरण गुरुङलाई ६-३ र ६-४ को सेटमा तथा लक्ष्मण तामाङले कर्ण तामाङलाई ६-१ र ६-४ को सेटमा पराजित गर्दै अन्तिम चारमा आफ्नो नाम लेखाउन सफल भएका हुन् । अब फाइनल प्रवेशका लागि अनुजले नविनसँग तथा राजनले लक्ष्मणसँग प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिता अन्तर्गत डबल्सतर्फको क्वाटरफाइनलमा गोपीबहादुर भट्टराई र सूर्यबहादुर भुजेलको जोडीले इन्द्र गुरुङ र इन्द्र गुरुङको जोडीलाई ४-६, र ६-१ र सुपरटाईमा १०-४ ले पराजित गरे ।

त्यस्तै, पदम गुरुङ र हुम आलेको जोडीले अनिल तुलाचन र लक्ष्मण तामाङको जोडीलाई ६-३ र ६-४ ले तथा राजन पौडेल र लोक गुरुङको जोडीले विकास गुरुङ र शरण गुरुङको जोडीलाई ७-६ र ६-२ ले पराजित गरे । अर्को क्वाटरफाइनलमा अनुज कुमार बाँस्तोला र नविन श्रेष्ठको जोडीले भिष्मराज पौडेल र माधव भण्डारीको जोडीलाई ६-०, ६-१ को सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन् । प्रतियोगिताको सेमिफाइनल खेल शनिबार बिहान हुने टुर्नामेण्ट डाइरेक्टर शक्ति सर्माले जानकारी दिए ।

# पोखरामा बसको ठक्करबाट युवतीको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

पोखरामा बसको ठक्करबाट एक युवतीको मृत्यु भएको छ ।

शुक्रबार बिहान नगरबसले ठक्कर दिँदा स्कुटर चालक झापाको दमककी २४ वर्षीया दीक्षा कार्कीको मृत्यु भएको हो ।

पोखरा महानगरपालिका-४ चिप्लेढुङ्गामा ग१ख ७१०८ नंको बसले कार्कीले चलाइरहेको ग९प ९९८९ नंको स्कुटरलाई पछाडिबाट ठक्कर दिएको थियो । कार्कीको उपचारका क्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मृत्यु भएको वडा प्रहरी कार्यालय बैदामका प्रहरी निरीक्षक हरिप्रसाद पौडेलले जानकारी दिनुभयो । बसचालक सागर क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

# हाइकर्स क्लबद्वारा फेदीखोलाको बाँगे फड्केको प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

हाइकर्स क्लब नेपालको आयोजनामा स्याङ्जाको फेदीखोला गाउँपालिका वडा नं. ५ स्थित बाँगे गाउँको हाइकिङ (एक दिने पदयात्रा) मार्फत प्रबर्द्धन गरेको छ ।



विभिन्न जातजातीको वसोबास रहेको उक्त गाउँ कुनै वेला पञ्चासे जाने विदेशी पर्यटकको रोजाइको क्षेत्र बाँगे पछिल्लो समय सुस्ताउँदै गएकोले सो क्षेत्रको प्रबर्द्धनको लागि हाइकिङ समुह पुगेको उक्त कार्यक्रमका यातायात संयोजक राजकुमार क्षेत्रीले वताए ।

आन्तरिक पर्यटनको प्रवर्द्धन गर्दै स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने उद्धेश्यले विगत ४ वर्षदेखि निरन्तर संचालन भइरहेको हाइकिङ भाग ३२ औं श्रृङ्खला सम्पन्न गरिएको हो ।

सो कार्यक्रममा १० वर्ष देखि ६५ वर्षसम्मका ३२ जना सहभागी रहेका थिए । उक्त समुह पोखराबाट फेदीखोला ३ भाटखोलाको पारिकोवारी सम्म मिनि वसमा र पारिकोवारी देखि वाँगे मैदान स्कुलसम्म स्थानिय जिपको यात्रामा रमाउदै गएको थियो । बाँगे गाउँमा खानपिन गरेपछि हाइकिङका संयोजक पत्रकार कृष्ण रानाभाटको नेतृत्वमा शिव मन्दिर, गोराको वारी, वडा कार्यलय, हुदै डाँडाको पोखरासम्म पैदल यात्रा गरेको थियो भने उक्त चौताराबाट फर्किएर ऐतिहासिक कोट मन्दिर (काल भैरब मन्दिर) दर्शन गरी पैदल नै भाटखोलाको चिप्लेटी हुँदै भालुपहाडको अवलोकन गर्दै हाइकिङ सम्पन्न गरेको थियो ।

आगामी हाइकिङ चैत्र महिना २५ गते अन्तिम शनिबार कास्की जिल्लाको माछापुच्छे गाउँपालिकाको मिर्सा गाउँमा गरिने भएको छ । खाना र यातायात व्यवस्थापनको लागि सहज वनाउन सहभागी हुन इच्छुकले २० गतेसम्म नाम दर्ता गर्न अर्थ संयोजक टिका आचार्य सुवेदीले अनुरोध गरेकी छन् ।

# पोखरा स्पोर्टस अवार्डलाई सहाराको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

सहारा क्लब पोखराले सातौं संस्करणको पोखरा स्पोटर्स अवार्ड २०७९ लाई सघाउने भएको छ ।



शुक्रबार सहारा क्लब पोखराका अध्यक्ष हरीराम गुरुङ 'सुरज' र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार सहाराले पोखरा स्पोटर्स अवार्ड अर्न्तगत उदीयमान वर्ष खेलाडीको पुरस्कार प्रायोजन गर्ने भएको मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए । उदीयमान खेलाडीको पुरस्कार नगद ३५ हजार रुपैयाँ रहेको छ । सो हस्ताक्षर कार्यक्रममा सहारा क्लव पोखराका पूर्वअध्यक्ष विरभद्र आचार्य, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शशी कुमार पौडेल, सदस्य सुर्दशन रञ्जितको उपस्थिती रहेको थियो । सहारा क्लवले यसअगाडीका संस्करणमा पनि सोही विधाको पुरस्कार प्रायोजन गर्दै आएको थियो । आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा हुने पोखरा स्पोटर्स अवार्ड २०७९ कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने मञ्चका सचिव शशी कुमार पौडेलले बताए ।

मञ्चले अवार्ड कार्यक्रमको तयारीलाई तिव्रता दिएको छ । अवार्ड कार्यक्रमलाई सफल बनाउन विभिन्न संघसंस्थाका साथै व्यापारिक प्रतिष्ठानहरुबाटपनि सघाउने प्रतिवद्धता आइरहेको मञ्चका सचिव पौडेलको भनाई छ ।

# सामुदायिक सेवा केन्द्र वगरको अन्नपूर्णमा सचेतना कार्यक्रम

**समिक्षा गौतम/ रन्जिता आचार्य**
पोखरा, ३ चैत

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरको आयोजनामा कास्कीको अन्नपूर्ण गाँउपालिकामा लैङ्गिक तथा घरेलु हिंसा सम्वन्धि सचेतना प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।



अन्नपूर्ण गाँउ पालिका-३ लक्ष्मी देउराली स्थित सामाजिक वातवरणीय आमा समूहको व्यवस्थापनमा भएको कार्यक्रममा ६० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहले सहजिकरण गरेका थिए । प्रक्षिकण कार्यक्रममा लैङ्गिक हिंसाको परिचय, लैङ्गिकहिंसा सम्वन्धमा नयाँ मुलुकी एनेमा भएका व्यवस्थाहरु र घरेलु हिंसा सम्वन्धमा नयाँ मुलुकी ऐनमा भएका व्यवस्था र सो सम्वन्धमा घटेका घटनाका वारेमा उजुरी कहाँ र कहिले गर्ने भन्ने वारेमा जानकारी गराइएको थियो । गाँउ गाँउमा पुगेर लैङ्गिकतथा घरेलु हिंसाका वारेमामा सचेतना जगाउने उद्देश्यले सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवाले यस्ता कार्यक्रम गर्दै आएको अध्यक्ष रामप्रसाद अधिकारीले जानकारी दिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि ज्येष्ठ नागरिक टिकाराम पौडेलले यस्ता खालका कार्यक्रमले गाउमा सचेतना जगाउन मद्दत मिल्ने बताए ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक कमल प्रसाद बास्तोला, सामाजिक वातवरणीय आम समूहकी अध्यक्ष राधिका पौडेलले बोलेका थिए ।

# माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ६ मा वडा कमिटीको पूर्ण बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

माछापुच्छे गाउँ पालिका वडा नम्बर ६ कमिटीको बैठक कमिटीको पूर्ण बैठक अध्यक्ष रुद्र बहादुर क्षेत्रीको अध्यक्षता सम्पन्न भएको छ ।



बैठकमा पार्टी केन्द्रीय कमिटी सदस्य तथा अभियान को पालिका प्रतिनिधि कमरेड कल्पना चापागाईंले यस अभियानले जनतासङ्ग साक्षात्कार हुदै बलियो एमाले निर्माणको लक्ष्य लिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा पार्टीको केन्द्रिय सल्लाहकार परिषद सदस्य देवी सुवेदी, पार्टी प्रदेश कमिटीका कार्यालय सचिब माधव वास्तोला, प्रदेश कमिटी सचिबालय सदस्य दिपक पौडेल, प्रदेश सचिबालय सदस्य जगन्नाथ वास्तोला, प्रदेश कमिटी सदस्य सम गुरुङ लगायतले मन्तव्य व्यक्त गर्नु भएको पार्टी प्रदेश प्रचार बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिनुभयो ।

## बैंकका...

आज संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै दोषीमाथि कारबाहीको माग गरेका हुन् । "पछिल्लो समय केही व्यक्ति तथा समूहले बैंक, वित्तीय संस्था तथा लघुवित्त संस्थाका कर्मचारीप्रति लक्षित गरी दिइएको धम्कीपूर्ण अभिव्यक्ति, अराजक व्यवहार र साङ्घातिक आक्रमणको घोर निन्दा गर्दछौं", जारी संयुक्त विज्ञप्तिमा भनिएको छ, "हाम्रा कर्मचारी माथि जाजरकोट, मकवानपुर, म्याग्दी, सुनसरी, उदयपुर, कपिलवस्तु, रुपन्देही, कास्कीलगायतका क्षेत्रमा धरपकड, साङ्घातिक हमला, कार्यालयमा तालाबन्दीप्रति हाम्रो घोर आपत्ति रहेको छ । घटनामा संलग्न दोषीलाई यथाशीघ्र हदैसम्मको कारबाहीको माग गर्दछौं ।"


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# पोखरा-२६ को जलधारे र सक्नेरीमा त्रिदिवसीय उद्घोषण तालिम सम्पन्न

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, ३ चैत



पोखरा महानगरपालिका वडा नम्बर-२६ को जलधारे र सक्नेरीमा त्रिदिवसीय उद्घोषण तालिम सम्पन्न भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर-२६ को आयोजनामा जलधारे र सक्नेरीमा दुई ठाउँमा छुट्टाछुट्टै आयोजित त्रिवसीय उद्घोषण तालिम शुक्रबार सम्पन्न भएको हो। चैत १, २ र ३ गते आयोजित तालिममा पत्रकार द्वय घनश्याम पाण्डे र सन्देश श्रेष्ठले सहजीकरण गरेका थिए।

दुबै ठाउँमा आयोजित तालिम समापन कार्यक्रमका प्रमुख अतिथि पोखरा-२६ का वडाध्यक्ष नरेन्द्र थापाले महिलाहरुको व्यक्तित्व र नेतृत्व विकास गर्दै उनीहरुलाई बोल्न सक्ने र कार्यक्रम सञ्चालन गर्न सक्ने बनाउने उद्देश्यले तालिम आयोजना गरिएको बताए। उनले आगामी दिनमा पनि महिलालाई सक्षम र सबल बनाउन सघाउने व्यक्तित्व, नेतृत्व विकासँगै सीपमूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

कार्यक्रममा वडा सदस्य लक्ष्मी भट्टराई, तीर्थ राजभाट, सुजाता बराल सुनारले सिकेका कुरा व्यवहारमा उतार्न सहभागिहरुलाई आग्रह गरे।

प्रशिक्षकका तर्फबाट प्रशिक्षक तथा गण्डकी टेलिभिजनका स्टेशन म्यानेजर घनश्याम पाण्डेले प्रशिक्षार्थीहरुलाई तालिममा सिकेका कुराहरु आफ्नो दैनिक जीवनमा उतार्न सकेमात्र तालिमको अर्थ हुने बताए। प्रशिक्षार्थीहरु सुस्मिता अधिकारी, संगीता परियार, अञ्जना अधिकारी र विमला गुरुङले तालिम अत्यन्तै उपयोगी भएको भन्दै यसलाई व्यवहारमा उतार्ने प्रतिबद्धता जनाए। आगामी दिनमा पनि महिलालक्षित कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिदिन जनप्रतिनिधिहरुलाई उनीहरुले आग्रह गरे।

# स्वास्थ्य जोखिममा पारेर गर्भपतन

**-डम्मर बुढामगर**
बागलुङ, ३ चैत (रासस)

अहिले बजारका औषधि पसलमा गर्भपतन गराउने औषधि छ्याप्छ्प्ती पाइन्छन्। कानुनतः सरकारले अनुमति दिएका औषधि पसल तथा स्वास्थ्यकर्मीले मात्रै यो औषधि बेच्न पाउने हो। तर धेरै निजी अस्पतालले जथाभावीरूपमा यस्ता औषधि बेच्ने गरेका छन्।

पछिल्लो समय असुरक्षित यौन सम्बन्ध र अनिच्छित गर्भको कारण गर्भपतन गराउने क्रम बढ्दो छ। बागलुङमा गर्भपतन गराउनेको सङ्ख्या हरेक वर्ष बढ्दै गएको पाइन्छ। स्वास्थ्य कार्यालय बागलुङका अनुसार आर्थिक वर्ष २०७६/७७ मा पाँच सय ७६ जनाले गर्भपतन गराएका थिए। बीस वर्षमुनिका छ जना छन् भने त्यसभन्दा माथिका पाँच सय ७० छन्। आव २०७७/७८ मा छ सय ९८ जनाले गर्भपतन गराएका थिए। चार जना २० वर्षमुनिका छन्। आव २०७८/७९ मा छ सय ९१ जनाले गर्भपतन गराएको तथ्याङ्क छ। तीन जना २० वर्षमुनिका छन्।

चालु आवको आठ महिनामा २० वर्षमुनिका एकसहित चार सय ८१ जनाले गर्भपतन गराएका छन्। अवैध सम्बन्ध राखेकाले नै बढीजसो गर्भपतन गराउने गरेको स्वास्थ्यकर्मी बताउँछन्। सरकारी स्वास्थ्य संस्थामा भन्दा निजी क्लिनिकमा गर्भपतन गराउनेको सङ्ख्या अत्यधिक छ। ढोरपाटन नगरपालिका-१ स्थित बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा चालु आवको हालसम्म एक सय ८६ जनाले गर्भपतन गराएका छन्।

स्वास्थ्य केन्द्रका कप्रमुख डा निरज सुवेदी अविवाहित र बैबाहिक जीवनमा खटपट भएकाहरू बढीजसो गर्भपतन गराउन आउने गरेको बताउनुहुन्छ। महिला-पुरुष दुवैले यौन सम्पर्कका बेला स्थायी तथा अस्थायी साधान प्रयोग नगर्दा यस्तो समस्या बढेको उहाँको भनाइ छ। "उमेर पुगेका महिलादेखि किशोरी पनि गर्भपतन गराउन आउनुहुन्छ", डा सुवेदीले भन्नुभयो, "यो तथ्याङ्क अस्पतालमा आएर सुरक्षितरूपमा गर्भपतन गराएकाहरूको हो, यसबाहेक बाहिर असुरक्षित गर्भपतन गराउने पनि छन्, लाज र डरले गर्दा उनीहरू अस्पताल आउँदैनन्।" गलकोट नगर अस्पतालमा पनि गर्भपतन गराउनेको सङ्ख्या बढी रहेको पाइएको छ। नगर अस्पतालका प्रमुख डा राजेश पौडेलका अनुसार आव २०७८/७९ मा ४० जनाले गर्भपतन गराएकामा चालु आवको हालसम्म ५० जनाले सुरक्षितरुपमा गर्भपतन गराएका छन्। बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनाल पछिल्लो समय दुईभन्दा बढी सन्तान जन्माउन छाडेपछि गर्भपतन गराउनेको सङ्ख्या बढेको बताउनुहुन्छ। स्वास्थ्य संस्थामा सुरक्षितरूपमा गर्भपतन हुन्छ भन्ने महिलाको चेतना वृद्धि भएपछि वार्षिकरूपमा केही सङ्ख्या बढ्नु स्वभाविक भएको उहाँको भनाइ छ।

प्रमुख खनाल भन्नुहुन्छ, "अहिले धेरै बच्चा जन्माउन चाहँदैनन्, छोराको चाहाना धेरैले राख्छन्, छोरी-छोरी भए भने पनि उनीहरूले छोराका लागि प्रयास गर्ने र फेरि छोरी हुने देखिएपछि गर्भपतन गराउने गरेको पाइन्छ।" धवलागिरि अस्पतालमा पनि गर्भपतन गराउनेको सङ्ख्या बढी छ। अघिल्लो आवमा तीन सय ४५ जनाले गर्भपतन गराएका थिए। त्यसमध्ये ४८ महिलाको जटिल किसिमले गर्भपतन गराएको अस्पतालका सूचना अधिकारी अञ्जना पौडलले बताउनुभयो। चालु आवको हालसम्म दुई सय ६० महिलाले गर्भपतन गराएको उहाँको भनाइ छ। त्यसमध्ये १५ जनाको जटिल किसिमले गर्भपतन भएको पौडेलले बताउनुभयो। बजारमा केही स्वास्थ्य संस्थाले अनुमति नलिई असुरक्षित गर्भपतन गराउने र औषधि बेच्ने गरेको पाइन्छ। यसले महिलाको स्वास्थ्यमा ठूलो असर गर्ने स्वास्थ्यकर्मीको भनाइ छ। कतिपय महिलाले पटक-पटक गर्भपतन गराउनेसमेत गरेका छन्। यसले स्वास्थ्यमा असर पुऱ्याउनुका साथै अर्को पटक बच्चा नबस्ने जोखिम हुने बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा सुवेदी बताउनुहुन्छ। धेरैपटक गर्भपतन गर्दा रगत बढी बगेर ज्यान जाने सम्भवनासमेत हुन्छ भने गर्भ पाठेघरभन्दा बाहिर बस्ने र ठूलै शल्यक्रिया गर्नुपर्ने अवस्था आउन सक्ने उहाँको भनाइ छ। डा सुवेदी भन्नुहुन्छ, "गर्भपतन महिलाको स्वास्थ्यसँग जोडिएको हुन्छ, यो आपत्कालीन अवस्थामा मात्रै गर्नुपर्छ, गर्भपतन नर्गनका लागि शारीरिक सम्पर्कका बेला स्थायी तथा अस्थायी साधान प्रयोग गर्नु नै राम्रो हुन्छ, यति सजहता अपनाइयो भने समस्या हुँदैन।"

# माछापुच्छ्रे स्थित सरस्वती आधारभूत विद्यालयलाई पुस्तक हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

सामाजिक सेवामा कृयाशील पोखरा म.न.पा.वडा नं. ५ को सूर्यचन्द्र विकास समाजद्वारा शुक्रबार माछापुच्छ्रे गा.पा. वडा नं. ८ को सरस्वती आधारभूत विद्यालयमा शैक्षिक सामाग्री हस्तान्तरण गरेको छ।

शुक्रबार ल्वाङघलेलको सिदिङ गाउँमा आयोजित कार्यक्रममा पोखरा ५ का वडा अध्यक्ष विष्णु प्रसाद बरालले ग्रामीण क्षेत्रमा रहेको सरकारी विद्यालयमा शैक्षिक सामाग्री हस्तान्तरण गर्नु शैक्षिक क्षेत्रमा उदाहरणीय र प्रेरणादायी विषय भएको बताए।

कार्यक्रममा सरस्वती आधारभूत विद्यालयका प्र.अ.शान्ति तामाङ, सूर्यचन्द्र विकास समाजका संस्थापक अध्यक्ष एवं पोखरा ५ का भूपू अध्यक्ष रामजी प्रसाद बरालले शिक्षाको महत्व र सामाजिक संस्थाले शिक्षा र समाज परिवर्तनमा खेल्न सक्ने भूमिका बारे बोल्नुभएको थियो। पुस्तक हस्तान्तरण कार्यक्रममा स्थानीय शेर बहादुर तामाङ र वहाँका धर्मपत्नीबाट वार्षिक ५ हजार आर्थिक सहयोग गरेवापत सम्मान गरिएको थियो।

शिक्षा, कृषि, साहित्य, बालसाहित्यका पुस्तक प्रदान गरिएको कार्यक्रममा सूर्यचन्द्र विकास समाजका अध्यक्ष कृष्ण प्रसाद बराल, सरस्वती आधारभूत विद्यालयका वि.व्य.स.अध्यक्ष राजकुमार तामाङले संस्था र विद्यालयको परिचय एवं कार्यक्रमको महत्वबारे प्रकाश पार्नुभएको थियो। विद्यालयलाई सूर्यचन्द्र विकास समाज र पोखरा म.न.पा. वडा नं. ५ वडा समितिको तर्फबाट मायाको चिनो आदानप्रदान गरिएको थियो। कार्यक्रमको संचालन सूर्यचन्द्र विकास समाजका सचिव हेमराज भण्डारीले गर्नुभएको थियो। प्रत्येक वर्ष सूर्यचन्द्र विकास समाजबाट नगर क्षेत्रबाहिर ग्रामीण इलाकामा सरकारी विद्यालयमा शैक्षिक सामाग्री वितरण कार्यलाई निरन्तरता दिएको छ।

# बैंकका कर्मचारीमाथि आक्रमण गर्नेलाई कारबाहीको माग

**रासस**
काठमाडौं, ३ चैत

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि एकपछि अर्को गरी आक्रमण हुन थालेपछि यस क्षेत्रका छाता संस्थाले दोषीलाई कारबाहीसहित सुरक्षा प्रत्याभूतिको माग गरेका छन्।

नेपाल बैंकर्स सङ्घ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था सङ्घ र नेपाल लघुवित्त बैंकर्स सङ्घले आज संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै दोषीमाथि कारबाहीको माग गरेका हुन्।

"पछिल्लो समय केही व्यक्ति तथा समूहले बैंक, वित्तीय संस्था तथा लघुवित्त संस्थाका कर्मचारीप्रति लक्षित गरी दिइएको धम्कीपूर्ण अभिव्यक्ति, अराजक व्यवहार र साङ्घातिक आक्रमणको घोर निन्दा गर्दछौँ", जारी संयुक्त विज्ञप्तिमा भनिएको छ, "हाम्रा कर्मचारी माथि जाजरकोट, मकवानपुर, म्याग्दी, सुनसरी, उदयपुर, कपिलवस्तु, रुपन्देही, कास्कीलगायतका क्षेत्रमा धरपकड, साङ्घातिक हमला, कार्यालयमा तालाबन्दीप्रति हाम्रो घोर आपत्ति रहेको छ। घटनामा संलग्न दोषीलाई यथाशीघ्र हदैसम्मको कारबाहीको माग गर्दछौँ।"

अराजक र उत्तेजक अभिव्यक्ति दिएर यसप्रकारका घटना प्रोत्साहन गर्नेलाई कानुनी दायरामा ल्याउन पनि यी संस्थाले संयुक्तरूपमा माग गरेका छन्। साथै यसप्रकारका घटना नरोकिएसम्म र कर्मचारीको सुरक्षाको प्रत्याभूति नहुन्जेलसम्म बैंकिङ सेवा नै सञ्चालन गर्न नसक्ने अवस्था रहेको पनि विज्ञप्तिमा उल्लेख छ।

अत्यावश्यक र संवेदनशील क्षेत्रका रूपमा रहेको बैंकिङ क्षेत्रमाथि साङ्घातिक आक्रमण हुन थालेपछि कर्मचारी चिन्तित र आतङ्कित बनेको पनि विज्ञप्तिमा जनाइएको छ। यस्ता घटना बढ्दै जाने हो भने समग्र बैंकिङ क्षेत्रको मनोबल खस्किने र यसले अर्थतन्त्रलाई समेत सङ्कटमा पार्ने उनीहरूको भनाइ छ। "यसप्रकारका क्रियाकलाप कसैको हितमा नहुने, असहज वातावरण सिर्जना गर्ने, सामाजिक सहिष्णुता खलल पुऱ्याउने, आर्थिक गतिविधिमासमेत नकारात्मक असर पार्ने र अन्ततः अर्थतन्त्र नै धराशायी हुनसक्ने भएकाले यसप्रति सजग रहन आग्रह गर्दछौँ। यस्ता गैरजिम्मेवार क्रियाकलापको आडमा जबर्जस्ती कानुन आफ्नो हातमा लिई भइरहेका अराजक घटनालाई समयमै नियन्त्रण गर्न राज्यका सम्बन्धित निकायहरूसँग अनुरोध गर्दछौँ", संयुक्त विज्ञप्तिमा भनिएको छ।

# नेपाल-भारत मैत्रीपूर्ण महिला क्रिकेट प्रतियोगिता

**रासस**
मोरङ, ३ चैत

नेपाल-भारत महिला मैत्री क्रिकेट प्रतियोगिता विराटनगरमा हुने भएको छ। नेपाल क्रिकेट फाउण्डेशनद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा मेरीलीवोन क्रिकेट क्लब संयुक्त अधिराज्य, रेड मड कफी र न्यूरो अस्पताल विराटनगरको सहयोगमा विराटनगर-६ स्थित ज्वाला क्रिकेट मैदानमा चैत ४, ५, ६ र ७ गते तीन वटा टि -२० र एउटा ५० ओभरको मैत्रीपूर्ण महिला क्रिकेट खेल प्रतियोगिता हुने जानकारी दिइएको छ। फाउण्डेशनका अध्यक्ष अभिषेक श्रेष्ठले प्रतियोगितामा भारतको अल इन्डिया वुमन टि-२० क्रिकेट एशोसिएशन र विराटनगर क्रिकेट क्लब एण्ड एकेडेमीबीच मैत्रीपूर्ण प्रतियोगिता हुने बताउनुभयो।

# जीर्णोद्धारपछि चिटिक्क कालिका मन्दिर

**रासस**
बागलुङ, ३ चैत

भूकम्पले क्षतिग्रस्त भएको प्रसिद्ध कालिका भगवती मन्दिरको जीर्णोद्धार गरिएको छ। मन्दिरको कलात्मक ढङ्गले भक्तपुरको इँटा प्रयोग गरी जीर्णोद्धार गरिएको हो। मन्दिरको छानो ताम्रपत्रले छाइएको छ। भक्तपुरे साना इँटाको प्रयोगले मन्दिरलाई थप आकर्षक बनाएको हो।

मुख्य मन्दिरलाई पुरानै शैलीमा आकर्षक ढङ्गबाट निर्माण गरिएको गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो। मन्दिर परिसरका अन्य संरचना आधुनिक ढङ्गबाट निर्माण गरिएको छ। मन्दिरमा सत्तल, हवन कुण्डलगायतका संरचना निर्माणाधीन अवस्थामा छन्। गुठी व्यस्थापन समितिको पञ्चवर्षीय रणनीतिक सुधार कार्यक्रमअनुसार मन्दिरको स्वरुप कलात्मक ढङ्गबाट निर्माण गरिएको हो। थप संरचना पुरातात्विक शैलीमा निर्माण गरिने अध्यक्ष खड्काको भनाइ छ।

भूकम्पपछि पुरानो संरचना जोखिमपूर्ण तथा विगतको चुहिने ताम्रपत्र पनि जीर्णोद्धार गरिएको हो। जीर्णोद्धार गर्न करिब रु २६ लाख खर्च भएको छ। निर्माणाधीन सत्तल सम्पन्न गर्न रु ७० लाख र हवकुण्ड निर्माणमा रु १३ लाख खर्च हुनेछ। जीर्णोद्धार तथा थप संरचना निर्माणका लागि गुठी व्यवस्थापन समितिले स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारसँग रकम माग गरे पनि प्राप्त नभएको अध्यक्ष खड्काले बताउनुभयो। हाल मन्दिरमा सङ्कलित भेटीबाट नै निर्माणको काम अघि बढेको छ।

तत्कालीन पर्वतका राजा प्रतापीनारायण मल्लले विसं १५९० मा राज्यारोहण गर्नुभएको थियो। उहाँको विवाह विसं १५९१ मा पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरीसँग भयो। विवाह हुँदा छोरीले माफ्कको देवीलाई पनि दाइजोका रूपमा बुवासँग मागेर आफूसँगै ल्याउनुभयो। पाल्पाबाट पर्वत ल्याउने क्रममा देवीको डोली हाल कालिका मन्दिर भएको ठाउँ बागलुङ नगरपालिका-१ मा बिसाएर उठाउँदा नउठेपछि राजदम्पतीले यस ठाउँमा मन्दिरको स्थापना गरी पूजापाठ गर्ने व्यवस्था मिलाएको किंवदन्ती छ। मन्दिरमा वर्षको दुई पटक बडादसैं र चैतेदसैंमा विशेष पूजा हुन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## पसल बिक्रीमा

**पोखरा रानीपौवा टेलिकम पुरानो गेट अगाडि अत्यन्त चालु अवस्थामा रहेको सन्ध्या व्युटीपार्लर एण्ड कस्मेटिक पसल तु: बिक्रीमा छ।**

**सम्पर्क:**
९७६५९३०३५८


# सुत्केरीलाई पोषण खर्च

**पोखरापत्र संवाददाता**
दमौली, ३ चैत

स्वास्थ्य कार्यालय तनहुँले सुत्केरीलाई पोषण खर्चबापत रकम उपलब्ध गराउने भएको छ।

गण्डकी प्रदेश सरकारले स्वास्थ्य कार्यालयमार्फत चालु आर्थिक वर्षमा सुत्केरीलाई पोषण खर्चबापत रकम उपलब्ध गराउन लागेको हो।

लक्षित समूहका आमा र बच्चाको पोषण अवस्थामा सुधार ल्याई स्वास्थ्य अवस्था सुदृढ गर्नका लागि सुत्केरी भएको ४५ औँ दिनसम्म पोषिलो खानाका लागि पोषण खर्च उपलब्ध गराउन लागिएको कार्यालय प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार सुत्केरीलाई एकमुष्ठ रु नौ हजार प्रदान गरिनेछ।

कार्यालयले सुत्केरीलाई पोषण खर्चबापतको रकम उपलब्ध गराउनका लागि सबै स्थानीय तहसँग विवरण माग गरेको छ। "चालु आर्थिक वर्ष २०७९/८० को साउन महिनादेखि सुत्केरी भएका महिलालाई उक्त रकम प्रदान गरिने छ, त्यसका लागि दश वटै स्थानीय तहसँग विवरण माग गरेका छौँ", उहाँले भन्नुभयो। अतिविपन्न, दलित, अपाङ्ग र लोपोन्मुख सुत्केरी आमा पोषिलो खाना कार्यक्रममार्फत रकम उपलब्ध गराउन लागिएको अधिकारीले बताउनुभयो। अति विपन्न, दलित, अपाङ्ग र लोपोन्मुख समुदायको वर्गमा पर्ने सुत्केरी आमा हुनुपर्ने र त्यसको पहिचान सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गर्नुपर्ने उहाँले बताउनुभयो।

गर्भपतनका महिलाको हकमा पोषण खर्च उपलब्ध नगराइने जनाइएको छ। आवश्यक कागजात सङ्कलन गरी स्वास्थ्य संस्थाले वडाको सिफारिस साथ नगरपालिका, गाउँपालिकाको स्वास्थ्य शाखामा विवरण उपलब्ध गराउने र स्वास्थ्य शाखाले एकमुष्ठ विवरण तयार गरी रकम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई स्वास्थ्य कार्यालयमा सिफारिससहित विवरण उपलब्ध गराउनुपर्ने जनाइएको छ।

यो रकम लिनका लागि सम्बन्धित वडा कार्यालयबाट लक्षित वर्गअन्तर्गत पर्ने भनी गरिएको सिफारिस पत्र, नागरिकता वा परिचय खुल्ने आधिकारिक सरकारी कागजातको प्रतिलिपि, जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, सुत्केरी महिलाको नाममा खोलिएको बैंक खाताको चेकको प्रतिलिपि उपलब्ध गराउनुपर्ने कार्यालयले जनाएको छ।

यसैबीच व्यास नगरपालिका-९ स्थित गजुरे स्वास्थ्यचौकीबाट प्रसूति सेवा लिएका महिलालाई उत्प्रेरणा खर्च र यातायात खर्च उपलब्ध गराइएको छ। स्वास्थ्य संस्थामा सुत्केरी गराएबापत प्रोत्साहन उपलब्ध गराउने नीतिबमोजिम उनीहरूलाई उत्प्रेरणा खर्च र यातायात खर्च उपलब्ध गराइएको हो। चालु आवमा उक्त स्वास्थ्यचौकीबाट ११ जनाले प्रसूति सेवा लिएका छन्। उनीहरूलाई जनही रु दुई हजारका दरले यातायात खर्च र रु आठ सयका दरले उत्प्रेरणा खर्च उपलब्ध गराइएको चौकीका प्रमुख देविन्द्र कार्कीले जानकारी दिनुभयो।

# ताङतिङ नौंचुपैंगी लामा महायान गुम्बा उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत



कास्कीको ताङतिङमा अवस्थित नौंचु पैंगीलामा महायान बौद्ध गुम्बाको उद्घाटन सम्पन्न भएको छ। गत असारमा पुनर्निर्माण गरिएको भवनको उद्घाटन शुक्रबार गण्डकीका प्रदेश प्रमुख पृथ्वीमान गुरुङद्वारा गरेका हुन् ।

उद्घाटन कार्यकम्रमा बोल्दै प्रदेश प्रमुख गुरुङले भाषा, संस्कार र संस्कृतिको जगेर्नामा अरु गुरुङ गाउँ भन्दा ताङतिङ अगाडी रहेको कुरा बताए । 'पञ्चायत कालमा धार्मिक स्वतन्त्रता थिएन । तर मुलुकमा व्यवस्था परिवर्तन भएपछि सबै जातजातिहरुले आफ्नो भाषा, संस्कार र संस्कृतिको विकास गर्न पाएको छ ।' उनले भने, 'फलस्वरूप अहिले जुन सुकै गुरुङ गाउँ जानु त्यहाँ अत्याधुनिक गुम्बा निर्माण भएको छ ।' उनले बुद्धको पुजा गर्दैमा बौद्व धर्मलम्वी नहुने र असली बौद्व धर्मलम्वी हुन बुद्धको पंचशीललाई आफ्नो जीवनमा लागु गर्नु पर्ने बताए। कार्यक्रममा मादीका प्रमुख देबिजंग गुरुङ, उपप्रमुख कल्पना गुरुङ, स्थानीय जनप्रतिनिधि, राजनैतिक दलका नेताहरु,बौद्व धर्मलम्वीहरू, देशभरीका पैंगीलामाहरु उपस्थित भएका थिए । बौद्व अर्घौ सदन रामघाटका प्रमुख लामागुरु सिरलामा सहित २ दर्जन भन्दा बढि बौद्वलामाद्वारा ३ दिन पूजापाठ गरेका थिए। कार्यक्रममा गुम्बा निर्माण व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष विर्जमान गुरुङले गुम्बाको निर्माण कार्यमा सहभागी सबैलाई धन्यवाद प्रकट गरे ।

यसै बीच गण्डकी प्रदेश सरकारका कृषि, उर्जा तथा जलस्रोत मन्त्री बेद बहादुर गुरुङद्वारा बिहिबार ताङतिङ पुगेर स्थानीयलाई भेटघाट गरेका थिए। गुरुङलाई स्थानीय जनताले फुलमाला र लालीगुराँसले स्वागत गरेका थिए । उनले जन्मभूमि आउदा स्थानीयले देखाएको मायाले आफू खुसि लागेको र यसको गुन तिर्ने बाचा गरे। गुरुङले बौद्व गुम्बा, धार्मिक स्थल नौचु डांडा पुगेर पुजा गर्नुको साथै मादी २ र ६ जोड्ने पुल, निर्माणाधीन खेलमैदानको अवलोकन गरेका थिए। उनले धार्मिक स्थल रुपमा परिचित नौचु डांडालाई पर्यटकिय रुपमा चिनाउने आफ्नो सपना रहेको बताए । 'यति सुन्दर प्राकृतिक गार्डेनमा अब एउटा कृतिम पोखरी बनाउने योजना छ। यस ठाउँलाई अझै ब्यबस्थित बनाएपछि पर्यटक ओइरिन्छ ।' गुरुङले भने। उनले आफू मादीको अध्यक्ष हुँदा क्रपू क्षेत्रमा पर्यटक ल्याउन थुप्रै काम गरेको दाबी समेत गरे।

# सहिदको चिहानमा आफन्त पुग्दा...

- रामबहादुर थापा
गण्डकी, ३ चैत (रासस)

सबराज छन्त्याल ३९ वर्षको हुनुभयो । एक्काइस वर्ष पहिले छन्त्यालका बुवा टीका पनि ३९ वर्षकै हुनुहुन्थ्यो । जनयुद्धको रापताप चलेको थियो। देशमा सङ्कटकाल घोषणा भयो । यो विसं २०५८ फागुन आखिरीतिरको कुरा हो।

युद्धरत माओवादीलाई आश्रय दिएको आरोपमा सरकारी सुरक्षा फौजले बागलुङको देवीस्थानका टीकासहित रोशनध्वज मल्ल र डोरबहादुर छन्त्याललाई नियन्त्रणमा लियो । साता दिन यातना शिविरमा राखेपछि सुरक्षाकर्मीले उनीहरूलाई चैत १ गते हेलिकोप्टरबाट ताराखोला पुऱ्याए । अहिलेको ताराखोला गाउँपालिका-२ अर्गल, गयार भन्ने ठाउँमा तीनै जनाको सामूहिक हत्या गरेर एकै चिहानमा गाडे । उक्त आताततयी घटना भएको २१ वर्षपछि बुवाको चिहान खोज्दै सबराज र उहाँका भाइ भीषण बुधबार अर्गल पुग्नुभएको थियो।

रोशनध्वजकी धर्मपत्नी गौमला, छोराहरु गामु, सुगम, डोरबहादुरकी धर्मपत्नी फूलमाया र छोरी सपना पनि सँगसँगै जानुभएको थियो। घटना भएकै दिन पारेर उहाँहरु निसीखोलाको देवीस्थानदेखि ताराखोलाको अर्गल पुग्नुभएको हो।

"घटना भएकै ठाउँमा सानो शोकसभा गऱ्यौँ, बुवाको स्मृतिमा धुपबत्ती बाल्यौँ", सबराजले भन्नुभयो, "सहिद परिवारका हिसाबले पहिलोपटक त्यहाँ पुग्दा हामी सबै भावुक पनि भयौँ, नरमाइलो अनुभूति पनि भयो ।" परिवारजनले सहिदको चिहान भएको ठाउँमा पहिलेदेखि नै जाने इच्छा देखाउनुभएको थियो।

यसपालि बेला जुऱ्यो। वार्षिक पुण्यतिथि पारेर उहाँहरू गयार पुग्नुभयो । निरापराध मारिएका आफ्ना प्रियजनको चिहान छेउ उभिएर मौनधारण गरे, सहिदको सम्मानमा श्रद्धाका फूल चढाए र पार्टीको झण्डा गाडे । सहिदको स्मृतिलाई चीरस्थायी बनाउन गयारमा केही गर्ने सङ्कल्प पनि लिए । "परिवारजनका तर्फबाट त्यहाँ स्मृति स्तम्भ या अरु कुनै संरचना बनाउने सोच बनाएका छौँ", सबराजले भन्नुभयो, "गाउँपालिकाले पनि गयारमै सहिद उद्यान बनाउन थालेको रहेछ, त्यो सुखद् कुरा हो ।" उहाँले युद्धमा आफन्त गुमाएका परिवारले न्याय र उचित क्षतिपूर्ति पाउनुपर्ने माग गर्नुभयो।

गाउँकै मान्छेले माओवादीका सुराकी भनेर गलत सूचना दिएपछि रोशनध्वज, टीका र डोरबहादुर सुरक्षाकर्मीकोनिशानामापर्नुभएको थियो । माओवादीको सहयोगी बनेको आरोपमा ज्यानै गुमाउन पुगेका उहाँहरू खासमा भने राष्ट्रिय जनमोर्चामा आबद्ध हुनुहुन्थ्यो।

र ा ि ष ट ् य जनमोर्चाका जिल्ला सचिव भीमलाल पोखरेलले रोशनध्वज तत्कालीन जिल्ला सदस्य र अन्य दुई सक्रिय कार्यकर्ता रहेको बताउनुभयो । "माओवादीलाई खाना, बास दिएको भन्ने शङ्कामा निर्मम यातना दिएर उहाँहरूको हत्या गरिएको थियो", सचिव पोखरेलले भन्नुभयो।

हेलिकोप्टरबाट भातखाने डाँडामा ओरालेपछि सुरक्षाकर्मीले कुट्दै गयार भन्ने ठाउँमा लगेर हत्या गरी गाडेको उहाँले बताउनुभयो । ताराखोलाको केन्द्र भातखाने डाँडाबाट अझै उकालो चढेपछि गयार आइपुग्छ। गयारलाई युद्धताका माओवादी जनमुक्ति सेनाले तालिम केन्द्रका रूपमा प्रयोग गरेको थियो।

त्यहाँ एकैसाथ मारिएका तीनै जनालाई माओवादी र जनमोर्चा दुवैले सहिदका रूपमा सम्मान दिँदै आएका छन् । सहिद रोशनध्वजकी धर्मपत्नी गौमला र टीकाका छोरा सबराज निसीखोलाको कार्यपालिकासदस्यसमेतरहनुभएको छ । जनमोर्चाका कार्यकर्ता भए पनि जनयुद्धका सहिदकै रूपमा सूचीकृत गरिएको नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशका उपाध्यक्ष ज्ञानमाथ गैरे बताउनुभयो । "उहाँहरूको हत्या भएको ठाउँमै गाउँपालिकाले सहिद उद्यान बनाइरहेको छ, पार्टीले पनि त्यसमा पहल लिइरहेको छ", उहाँले भन्नुभयो, "त्यसबेला जनमोर्चामा सक्रिय रहे पनि माओवादी आन्दोलनप्रति उहाँहरुको सदासयता र समर्थन थियो ।" युद्ध पर्यटनको नमूना योजनाका रूपमा गयारको सहिद उद्यानलाई अगाडि बढाइएको गाउँपालिकाले जनाएको छ । बहुवर्षीय योजनाअन्तर्गत उद्यानमा पूर्वाधार निर्माणको काम भइरहेको छ । यसअघि त्यहाँ गण्डकी प्रदेश सरकारको बजेटबाट पदमार्ग, पोखरी र प्रतिक्षालय निर्माण गरिएको थियो। संरचना बनाउँदा स्थानीय सीप र प्रविधिको प्रयोग गरिएको छ । पदमार्गमा गाउँकै 'स्लेट' राखिएको छ। प्रतिक्षालय काठ र ढुङ्गाको बनाइएको छ।

लामीडाँडा सामुदायिक वन क्षेत्रको एक हजार दुई सय ९१ वर्गमिटरमा उद्यानका संरचना बन्नेछन् । उद्यानमा सहिदका सालिक स्थापना, बगैँचा, विश्रामस्थल, धारा, शौचालयसहित अरु पूर्वाधार बन्न बाँकी नै छ।

बजेटको स्रोत जुटाएर जतिसक्दो चाँडो उद्यान निर्माणलाई पूर्णता दिने योजनामा गाउँपालिका छ । जनयुद्धमा ताराखोला क्षेत्रबाट सहिद बनेका २१ जनाको सालिक उद्यानमा राखिनेछ। ताराखोला जनयुद्धबाट बढी प्रभावित ठाउँ हो। उद्यानमा युद्धकालीन समयलाई झल्काउने कलात्मक मूर्ति र नमूना युद्ध सामग्री पनि राखिने जनाइएको छ । युद्धबाट उठेको गाउँलाई पर्यटनका माध्यमबाट चिनाउन सहिद उद्यानले सघाउने विश्वास लिइएको छ।

# पूर्वाधार निर्माणमा लापरबाही : दश महिनामा १० प्रतिशत काम

**रासस**
बागलुङ, ३ चैत

बागलुङको गलकोट नगरपालिकाको प्रशासकीय भवन निर्माणमा ढिलाइ भएको छ। नगरपालिकाले चार वर्षको प्रयासबीच जग्गा व्यवस्थापन गरेर निर्माण गर्न थालेको प्रशासकीय भवन निर्माण ठेक्का सम्झौताअनुसार अगाडि नबढ्दा समस्या भएको छ।

गलकोट नगरपालिका-६ मजुवाफाँटमा नगरपालिकाले व्यवस्थापन गरेको आठ रोपनी जग्गामा प्रशासकीय भवन निर्माण गर्नका लागि २०७९ असार १४ गते सम्झौता भएको थियो । सम्झौताको करिब १० महिना बित्दा बल्ल प्रशासकीय भवन निर्माण सुरु भएको छ। रु १२ करोड ४१ लाखको लागतमा रविना जुगल जेभीसँग २०८१ मङ्सिर ३० गते निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो । हालसम्म १० प्रतिशत कार्यप्रगति समेत नभएको गलकोटका नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। उक्त भवन निर्माण सम्झौता गरेको १० महिनामा १० प्रतिशत कामसमेत सम्पन्न नभएको भन्दै गलकोट नगरपालिकाले निर्माण कम्पनीलाई सचेत गराएको छ । "काम द्रुतगतिमा भएन, १० महिनामा बल्ल जमिनमुनि काम थालिएको छु", नगरप्रमुख गैरैले भन्नुभयो, "समयमै भवन निर्माण नभए म्याद थपिँदैन, निर्माण व्यवसायीले हालसम्म २० प्रतिशत भुक्तानीसमेत लगिसकेको छ ।" प्रशासकीय भवन निर्माणको जिम्मा पाएको रविना जुगल जेभीका प्रतिनिधि नरेश ओझाले असारमा ठेक्का सम्झौता गरेको उल्लेख गर्दै बर्खामा खोलाको छेउमा भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न समस्या भएपछि ढिलाइ भएको बताउनुभयो । खोला नजिकै भवन निर्माण थालिएकाले सुक्खायाममा काम थालेको ओझाले बताउनुभयो।

मुख्य प्रशासकीय भवन निर्माण रु १२ करोडको लागतमा निर्माण थाले पनि अन्य पूर्वाधारसहितको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) भने रु २७ करोड लागतको छ। सुविधासम्पन्न पाँचतले भवनसँगै अन्य शाखा कार्यालयसमेत निर्माण गर्ने नगरपालिकाको लक्ष्य छ। गलकोट नगरपालिकाले सबै राजनीतिक दल, सरोकारवाला व्यक्तिको सर्वदलीय भेलाले गरेको निर्णयअनुसार मजुवाफाँटमा केन्द्र स्थापना गर्ने निर्णयसँगै सोही क्षेत्रमा जग्गा व्यवस्थापन गरेको थियो।

# अब ढोरपाटनसम्मै बस

-खेमराज गौतम
गण्डकी, ३ चैत (रासस)

यसैसाता ग१ख ६२८ नम्बरको बस नवलपुरका पर्यटक बोकेर चर्चित पर्यटकीय गन्तव्य ढोरपाटन पुग्यो । सडक समस्याका कारण यसअघि साना सवारीसाधन मात्रै चल्दै आएको ढोरपाटनमा पछिल्लो समय बसका कारण पर्यटकलाई सहज भएको छ। एक साताअघि मात्र पनि बागलुङ बजारबाट केही सञ्चारकर्मीसहित बोकेर बस ढोरपाटन गएको थियो।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन क्षेत्र घुम्न पछिल्लो समय आन्तरिक पर्यटकको घुइँचो नै लाग्न थालेको छ । उनीहरूलाई ढोरपाटनमा बस पुग्न थालेपछि सहज भएको पर्यटकलाई घोडा सफारी गराउँदै आउनुभएका स्थानीय मिनलाल विकले बताउनुभयो।

सडक साँघुरो हुँदा साना सवारीसाधनमा थोरै पर्यटक पुग्ने गरेकामा पछिल्ला दिनमा सडकमा केही सुधार भएपछि पर्यटक आगमन सहज भएको हो । "पहिलाभन्दा सडकको केही सास्ती हटेको छ, जोखिमका बाबजुद ढोरपाटनमा अहिले बस आउन थालेका छन्, पहिला साना सवारीसाधन जिप तथा भ्यानमा थोरै पर्यटक आउँथे अहिले बस चल्न थालेपछि एकैपटक २५/३० जनाको समूह ढोरपाटन आउने गरेका छन्", उहाँले भन्नुभयो।

घोडा सफारीका लागि विक जस्ता दुई दर्जनभन्दा बढी स्थानीयले घोडा पालेर राखेका छन् । "पर्यटक बढ्न थालेपछि अहिले घोडा सफार ीसमेत फस्टाउँदो छ, दैनिकजसो रु एक हजार कमाइ हुन थाल्यो, कहिले अलि धेरै नै हुन्छ, पछिल्लो समय घोडामा चढ्ने, तस्बिर खिच्ने र टिकटक बनाउनेले गर्दा राम्रो आम्दानी हुने गरेको छ", उहाँ भन्नुहुन्छ। पर्यटक नआउँदा भने घोडामा घरायसी सामग्री ओसारपसार गर्ने गरिएको छ । पछिल्लो समय बसमा ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्यामा वृद्धि भएको पाइएको ढोरपाटन घुम्न पुगेका पर्यटक अनन्तबहादुर खड्काले बताउनुभयो।

उहाँले आफू बागलुङबाट बसमा चढेर ढोरपाटन घुम्न आएको जनाउँदै पहिलाभन्दा ढोरपाटन पुग्ने सडक केही सहज भएको जनाउनुभयो।

"बर्खामा खोला बढ्छ, बुर्तिबाङबाट झन्डै ४० किलोमिटर सडक कच्ची छ, हिउँदमा बस चल्दोरहेछ, साना सवारीसाधनमा धेरै खर्च तिरेर ढोरपाटन पुग्नुभन्दा बसमा धेरै जना पुग्दा सस्तो पर्ने रहेछ", खड्काले भन्नुभयो, "बस पुगेपछि ढोरपाटनमा धेरैको पहुँच पुग्नेछ। सडकको स्तरोन्नति गर्न भने बाँकी छ, ढोरपाटन-सालझन्डी सडक अप्ठ्यारो छ, अब भने पर्यटकको लागत घट्ने छ।"

बागलुङबाट बुर्तिवाङसम्म पक्की र त्यहाँबाट ढोरपाटनसम्मको सडक कच्ची छ। कच्ची सडक भए पनि बस पुग्न थालेको सवारी चालक रमेश पौडेलले बताउनुभयो। "म दोस्रो पटक बस ल्याएर पर्यटकसहित ढोरपाटन आए, केही सडक नै छ, बोबाङको भुजीखोला क्षेत्रमा केही सडक सुधार गर्न आवश्यक छ, तर देउरालीमा सडक चौडा बनाएका कारण बस मज्जाले उक्लियो", चालक पौडेलले भन्नुभयो, "ठूला बस पुग्न ढोरपाटन मुस्किल छ, तर मिनीबस पुग्न थालेका छन्, हिउँदमा मात्रै बस पुगे पनि सडक स्तरोन्नतिसँगै बर्खामा समेत बस लैजाने व्यवस्था मिलाउन आवश्यक छ ।"ढोरपाटन नगरपालिकाका उपप्रमुख कल्याण कायतले ढोरपाटन पुग्ने सडकमा केही सुधार भए पनि बर्खामा भने सास्ती नै भएको बताउनुभयो । उहाँले सडकको मर्मतसम्भार नगरपालिकाले गर्दा अहिले बस पुग्ने अवस्था आए पनि सडक कालोपत्रका लागि सालझन्डी-ढोरपाटन सडक आयोजनाले कुनै चासो नदिएको बताउनुभयो। सडक स्तरोन्नति हुन सकेको छैन, तर देउराली क्षेत्रमा सडकको घुम्ती चौडा पार्ने काम भएकाले बस पुग्न थालेका हुन्, बर्खामा बस पुग्न मात्रै होइन साना सवारीसाधनसमेत पुग्न समस्या हुन्छ, सडक स्तरोन्नति भए ढोरपाटनमा थामी नसक्नु पर्यटक आउने हाम्रो कल्पना हो", उहाँले भन्नुभयो, "सडक नै पहिलो प्राथमिकता हो, ठूलो आयोजनाले काम गर्दैन, मर्मतसम्भार गरेको सडकमा बस गुड्न थालेका हुन्, तर यात्रा सहज भने छैन, पक्की सडक पुगे ढोरपाटनमा पर्यटकको चाप हुनेछ।"

# कपिलवस्तुमा बुद्धको विश्वकै सबैभन्दा ठूलो मूर्ति बन्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

कपिलवस्तुमा बुद्धको विश्वकै सबैभन्दा ठूलो मूर्ति बन्ने भएको छ । कपिलवस्तु नगरपालिका क्षेत्रभित्र दुई सय ४५ मिटर अग्लो मूर्ति निर्माणका लागि समझदारी पत्रमा हस्तक्षर भएको हो।

गौतम बुद्धले २९ वर्ष बिताएको झल्को दिने गरी मूर्ति निर्माण गरिने अन्तर्राष्ट्रिय बौद्धिष्ट केन्द्रका सेन्टरका नेपाल प्रतिनिधि मोहन गौतमले जानकारी दिनुभयो। समझदारीपत्रमा अन्तर ष्ट्रिय बौद्धिष्ट सेन्टरका प्रमुख चोइङ क्विई सेङ स्टेवार्ड, सेन्टरका नेपाल प्रतिनिधि मोहन गौतम र कपिलवस्तु नगरपालिकाका नगरप्रमुख सुदीप पौडेलले हस्ताक्षर गर्नुभएको छ। प्राचीन कपिलवस्तुमा बुद्धको मूर्ति निर्माण हुने भएपछि आफूलाई खुसी लागेको कपिलवस्तु नगरपालिकाका नगरप्रमुख सुदीप पौडेलले बताउनुभयो। विश्वको सबैभन्दा ठूलो मूर्ति नगरमा बन्नु गर्वको विषय भएको उहाँले बताउनुभयो । लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तेयले कपिलवस्तुको विकासमा मूर्ति निर्माणले नयाँ आयाम थपिने बताउनुभयो।

# माछापुच्छ्रे स्थित सरस्वती आधारभूत विद्यालयलाई पुस्तक हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

सामाजिक सेवामा कृयाशील पोखरा म.न.पा.वडा नं. ५ को सूर्यचन्द्र विकास समाजद्वारा शुक्रबार माछापुच्छ्रे गा.पा. वडा नं. ८ को सरस्वती आधारभूत विद्यालयमा शैक्षिक सामाग्री हस्तान्तरण गरेको छ।

शुक्रबार ल्वाङघलेलको सिदिङ गाउँमा आयोजित कार्यक्रममा पोखरा ५ का वडा अध्यक्ष विष्णु प्रसाद बरालले ग्रामीण क्षेत्रमा रहेको सरकारी विद्यालयमा शैक्षिक सामाग्री हस्तान्तरण गर्नु शैक्षिक क्षेत्रमा उदाहरणीय र प्रेरणादायी विषय भएको बताए। कार्यक्रममा सरस्वती आधारभूत विद्यालयका प्र.अ.शान्ति तामाङ, सूर्यचन्द्र विकास समाजका संस्थापक अध्यक्ष एवं पोखरा ५ का भूपू अध्यक्ष रामजी प्रसाद बरालले शिक्षाको महत्व र सामाजिक संस्थाले शिक्षा र समाज परिवर्तनमा खेल्न सक्ने भूमिका बारे बोल्नुभएको थियो । पुस्तक हस्तान्तरण कार्यक्रममा स्थानीय शेर बहादुर तामाङ र वहाँका धर्मपत्नीबाट वार्षिक ५ हजार आर्थिक सहयोग गरेवापत सम्मान गरिएको थियो । शिक्षा, कृषि, साहित्य, बालसाहित्यका पुस्तक प्रदान गरिएको कार्यक्रममा सूर्यचन्द्र विकास समाजका अध्यक्ष कृष्ण प्रसाद बराल, सरस्वती आधारभूत विद्यालयका वि.व्य.स.अध्यक्ष राजकुमार तामाङले संस्था र विद्यालयको परिचय एवं कार्यक्रमको महत्वबारे प्रकाश पार्नुभएको थियो । विद्यालयलाई सूर्यचन्द्र विकास समाज र पोखरा म.न.पा. वडा नं. ५ वडा समितिको तर्फबाट मायाको चिनो आदानप्रदान गरिएको थियो । कार्यक्रमको संचालन सूर्यचन्द्र विकास समाजका सचिव हेमराज भण्डारीले गर्नुभएको थियो। प्रत्येक वर्ष सूर्यचन्द्र विकास समाजबाट नगर क्षेत्रबाहिर ग्रामीण इलाकामा सरकारी विद्यालयमा शैक्षिक सामाग्री वितरण कार्यलाई निरन्तरता दिएको छ।

# डढेलो नियन्त्रण गर्न पूर्वाभ्यास

**पोखरापत्र संवाददाता**
गोरखा, ३ चैत

यहाँ वनमा लाग्ने डढेलो नियन्त्रणका लागि पूर्वाभ्यास गरिएको छ।

डिभिजन वन कार्यालयले जिल्लाको भीमसेन थापा गाउँपालिका-१ स्थित मण्डली सामुदायिक वन क्षेत्रमा डढेलो नियन्त्रणका लागि पूर्वाभ्यास गरेको कार्यालयका सहायक वन अधिकृत बालकुमार नेपालीले जानकारी दिनुभयो।

गर्मी बढेसँगै डढेलोको उच्च जोखिम रहने भएकाले डढेलोका कारण वनजङ्गल विनाश हुनबाट जोगाउन सचेतना फैलाउने उद्देश्यसहित पूर्वाभ्यास गरिएको उहाँले बताउनुभयो । वनमा डढेलो नियन्त्रण गर्न अग्निरेखा सफा गर्ने, पातपतिङ्गर जम्मा गर्नेलगायतका पूर्वाभ्यास गरिएको नेपालीको भनाइ छ । "वनमा आगो कसरी लाग्न सक्छ र कसरी नियन्त्रण कसरी गर्न सकिन्छ भन्नेबारेमा सामुदायिक वनका उपभोक्तालाई जानकारी गराउनसके धेरै हदसम्म डढेलो नियन्त्रण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "डढेलो लागेमा पनि कसरी सुरक्षित ढङ्गबाट नियन्त्रण गर्न सकिन्छ भनेर बुझाउनका लागि देखाइएको हो।" गोरखामा कूल तीन हजार छ सय १४ दशमलव ७० वर्गकिलोमिटर वन क्षेत्र रहेको छ।